# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल

फलेवास नगरपालिका
कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## ढुंगा गिटी वालुवाको विक्री मुल्य र निकासी कर संकलनको सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०७६/०४/०३**

फलेवास नगरपालिका पर्वतको पाचौ नगरसभाको निर्णय अनुसार यस नगरपालिका क्षेत्रभित्रका खोला नदीहरुबाट आ.व. ०७६/७७ मा मिति २०७६ भाद्र १५ गतेदेखि तपसिल वमोजिमका स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा, रोडा, दहत्तर वहत्तर आदिको विक्रि मुल्य तथा निकासी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई तपसिल वमोजिमका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन १५ दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:**

१ दरभाउपत्र फाराम तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) छुट्टाछुट्टै तिरी यो सूचना प्रकासित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।

२ ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो २:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिने छ।

३ दरभाउपत्र साथ आफूले कवोल गरेको अङ्कको ५% धरौटी फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको रहेको धरौटी खाता नं.ग-३-० ३५४०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र वैंकवाट क श्रेणीको मान्यता प्राप्त बैंकको वैंक ग्यारेन्टी तथा नगर कार्यपालिकाको कार्यालयमा नगद रकम बुझाएको नगदी रसीदलाई समेत मान्यता दिइने छ।

४ दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

५ दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व कवोल रकम बढिमा दुई किस्ता (पहिलो किस्ता ५०%, र दोस्रो किस्ता ५०% गरी बुझाउन सकिनेछ। तर रु ५ लाख भन्दा कमको ठेक्का रकम एकमुष्ठ रुपमा बुझाउनु पर्ने छ। सम्झौताको बखत एकमुष्ट ठेक्का रकम बुझाएमा कबोल अङ्कको १०% रकम कमगरी बुझाउन सकिनेछ। रकम बुझाउंदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाएमा वांकी दोस्रे किस्ताको लागि धितो वापत राष्ट्र वैंकवाट क वर्गको मान्यता प्राप्त वैंकको ग्यारेन्टी (परफरमेन्स वण्ड) बनाई पेश गर्नु पर्नेछ। परफरमेन्स वण्डको म्याद २०७६ श्रावण मसान्त सम्मको हुनु पर्नेछ।

६ विक्रि एवं निकासी करको दर प्रति क्यूविक फिट रु.४।७० (चाररुपैया पैसा सत्तरी मात्र) हुनेछ।

७ रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८ नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ।

९ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१० उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।

११ नियमानुसार असार १ देखि भाद्र १५ गतेसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन, ठेक्काका अन्य शर्तहरू सम्झौतामा निर्धारण गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

१२ कुनै पनि इच्छुक बोलपत्रदाताले एक भन्दा बढि दरभाउ पत्र पेश गर्न सक्नेछ तर छुट्टै ठेक्काको लागि छुट्टाछुट्टै दरभाउ पत्र पेश गर्नुपर्नेछ।

१३ दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:-

- फर्म दर्ता प्रमाणपत्र र फर्म नविकरण प्रमाणपत्र, स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाणपत्र)।
- आ.व. २०७४/०७५ कर चुक्ता प्रमाणपत्र

**तपसिल**

| ठेक्का नं. | खानी, वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट र अ.आ.कर वाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| ०३।०७६।७७ | श्रीकाङ्ग कालीगण्डकी छोरे वगर, फ.न.पा. ११ पाङ्गराङ्ग | १०,००,०००।- (दशलाख मात्र) | रु.१००० |
| ०४।०७६।७७ | वालुवा वगर र राताढुंगा वगर कालीगण्डकी देवीथान नाका फनपा ६ | १०,००,०००।- (दशलाख मात्र) | रु.१००० |
| ०५।०७६।७७ | टुटुङ्गा चंदारेघाट कालीगण्डकी वगर फनपा ६ देविस्थान | ७,००,०००।- (सातलाख मात्र) | रु.१००० |
| ०६।०७६।७७ | जैमिनीघाट कालीगण्डकी वगर फनपा ६ र मोदीवेणी वगर फनपा ४ | ६,००,०००।- (छलाख मात्र) | रु.१००० |
| ०७।०७६।७७ | कुर्घा चिरुवाढुंगा कालीगण्डकी वगर फनपा १० कुर्घा | ३,००,०००।- (तीनलाख मात्र) | रु.१००० |

फलेवास नगरकार्यपालिकाको कार्यालय, पर्वत

भोतीराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत